आज मिति २०८२ माघ महिनाको २५ गते नेपाल सम्वत ११४६ सिल्लागा सप्तमी आईबारको विहान ११ बजे पालुङटार नगरपालिकाका नगर प्रमुख श्री बिवस चिन्तनज्यूको अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकमा निम्न व्यक्तिहरुको उपस्थितिमा निम्न निर्णय भई सम्पन्न भयो ।

| सि.नं. | नाम थर | पद | वडा नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | विवस चिन्तन | नगर प्रमुख | पालुङटार ४ गोरखा | |
| २ | बन्दना पाण्डे | उप प्रमुख | पालुङटार ६ गोरखा | |
| ३ | कृष्ण बहादुर परियार | वडा अध्यक्ष | पालुङटार १ गोरखा | |
| ४ | कृष्ण बहादुर थापा मगर | वडा अध्यक्ष | पालुङटार २ गोरखा | |
| ५ | रबिन्द अधिकारी | वडा अध्यक्ष | पालुङटार ३ गोरखा | |
| ६ | मान बहादुर पौडेल | वडा अध्यक्ष | पालुङटार ४ गोरखा | |
| ७ | दीपक पाण्डे | वडा अध्यक्ष | पालुङटार ५ गोरखा | |
| ८ | चेत बहादुर गुरुङ | वडा अध्यक्ष | पालुङटार ६ गोरखा | |
| ९ | अर्जुन बहादुर कुमाल | वडा अध्यक्ष | पालुङटार ७ गोरखा | |
| १० | होप बहादुर नेपाली | वडा अध्यक्ष | पालुङटार ८ गोरखा | |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ११ | भेज राज पाण्डे | वडा अध्यक्ष | पालुङटार ९ गोरखा | |
| १२ | रिखिराज धौराली | वडा अध्यक्ष | पालुङटार १० गोरखा | |
| १३ | मनिका अधिकारी लिम्बु | कार्यपालिका सदस्य | पालुङटार २ गोरखा | |
| १४ | पार्वती नेपाली | कार्यपालिका सदस्य | पालुङटार २ गोरखा | |
| १५ | मिना सुनार | कार्यपालिका सदस्य | पालुङटार ४ गोरखा | |
| १६ | हर्क बहादुर नेपाली | कार्यपालिका सदस्य | पालुङटार ५ गोरखा | |
| १७ | पम्फा वि.क. सुनार | कार्यपालिका सदस्य | पालुङटार ७ गोरखा | |
| १८ | अर्जुन वि.क. | कार्यपालिका सदस्य | पालुङटार ८ गोरखा | |
| १९ | मिन माया लामा | कार्यपालिका सदस्य | पालुङटार ९ गोरखा | |
| २० | देवि माया योगी | कार्यपालिका सदस्य | पालुङटार १० गोरखा | |
| २१ | शेर बहादुर वि.सी | सदस्य सचिव | | |

**कर्मचारीहरु**

| | | | | |
|---|---|---|---|---|
| १ | धनेन्द्र श्रेष्ठ | योजना शाखा | | |
| २ | राम जनम चौधरी | ” | कैलारी गा।पा ३, कैलारी | |

Scanned with CamScanner

# पालुङ्टार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पालुङ्टार, गोरखा
### गण्डकी प्रदेश, नेपाल

पालुङ्टार नगरपालिका, नगर कार्यपालिकाको बैठकको निर्णयहरु

बैठक नं- ११२ | मिति: २०८२-१०-२५

| क्र.स | प्रस्ताव | निर्णय |
|---|---|---|
| १ | अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्वन्धमा । | यस नगरपालिका नगर कार्यपालिकाको १११ औं बैठकमा छलफल भई भएको निर्णयहरुको कार्यान्वयन सम्वन्धमा छलफल भयो । साथै सो बैठक देखि हाल सम्म नगरपालिका/ वडा कार्यालयबाट भएको कार्यहरुको समिक्षा गरियो । |
| २ | समपुरक तथा विशेष आयोजनाको प्रस्ताव पेश गर्ने सम्वन्धमा । | प्रस्तुत विषयमा संघीय सरकारबाट प्राप्त हुने समपुरक तथा विशेष अनुदानको कार्यक्रम माग गर्नु पर्ने भएकोले समपुरक अनुदान सम्वन्धी कार्यविधि, २०८१ को दफा ३ बमोजिमको क्षेत्रमा दफा ४ बमोजिम तपसिलको आयोजना प्रथामिकताको आधारमा माग गर्ने निर्णय गरियो ।<br>- अर्चले मालती गैरा धारापानी डुम्रेडाडा सडक<br>- शहीदपार्क पालुङटार न.पा- ४ पल्लोटार<br>- लिग लिगकोट पर्यटन पूर्वाधार<br>साथै विशेष अनुदान सम्वन्धी कार्यविधि (पहिलो संसोधन २०८२), को दफा ३ बमोजिमको क्षेत्रमा दफा ४ बमोजिम तपसिलको आयोजना माग गर्ने निर्णय गरियो ।<br>- नगरपालिका कम्पाउण्डमा सटर निर्माण तथा बजारिकरण ।<br>- पालुङटार नगरपालिका च्याङ्ली स्वास्थ्य चौकी भवन निर्माण<br>- तालपोखरी सिचाँई तथा पर्यटन पुर्वाधार मार्फत आयआर्जन वृद्धि |
| ३ | तिन पाङ्गे सवारी साधानको रुट ईजाजत अनुमोदन सम्वन्धमा । | प्रस्तुत प्रस्तावमा छलफल गर्दा यस नगरपालिका कार्यालयमा रुट ईजाजतका लागि प्रक्रिया पुरा गरेर तीन पाङ्ग्रे सवारी साधन संचालनका लागि माग गरेका केन्द्र,रुट तथा उक्त रुटमा चल्ने सवारी साधनको संख्या समितिले निर्णय गरि पेश गरे बमोजिमको रुट इजाजत अनुमोदन गर्ने निर्णय गरियो । |
| ४ | नजि जन्य निर्माण सामाग्री विक्रि वितरण सम्वन्धमा । | यस नगरपालिका कार्यालयले संक्षिप्त वातवारणिय अध्ययन तथा प्रारम्भिक वातावरणिय परिक्षण प्रतिवेदनले तोकेको परिणाममा गण्डकी प्रदेश सरकारको आर्थिक ऐन,२०८२ ले तोको बमोजिमको दरबाट बढाबढ हुने गरि मिति २०८२-०७-२१ गते सम्म तेस्रो पटक समेत बोलपत्र आवह्वन गर्दा कुनै पनि |

शेर बहादुर बि.सी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

| | | |
|---|---|---|
| | | बोलपत्र प्राप्त नभएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ क को उपदफा ४ बमोजिम खरिद कार्य संचालन गर्ने निर्णय गरियो । |
| ५ | CFLG गणक/सहजकर्ता/ सम्पर्क व्यक्तिको पारिश्रमिक र भत्ता निर्धारण सम्वन्धमा । | सम्वत् २०८३ असार मसान्त सम्म पालुङटार नगरपालिकालाई बालमैत्री स्थानीय सरकार घोषणाका लागि तयारिलाई थप तिव्रता दिने निर्णय गरियो । सोका लागि तथाङ्क सङ्कलन लगायतका कार्य गर्नका लागि खटिने गणकलाई प्रति घर धुरीको विवरण सङ्कलन गरे बापत रु ७५ रुपयाँको दरले उपलब्ध गराउने तथा वडा सहजकर्ता/ नगर सहजकर्तालाई सञ्चार, खाजा तथा यातायात खर्च तथा अतिरिक्त जिम्मेवारीको कार्यसम्पादन बापत मासिक रु ४ हजार साथै नगर सम्पर्क व्यक्तिलाई रु ५ हजार खर्च उपलब्ध गराउने निर्णय गरियो । साथै उक्त कार्यका लागि थप बढिमा ३ जना सम्म अन्य कर्मचारी परिचालन गर्न सकिने र निजहरुलाई समेत सञ्चार, खाजा तथा यातायात खर्च बापत रकम कार्यसम्पादन प्रतिवेदनका आधारमा बाल मैत्री स्थानीय शासन खर्च शिर्षक २२५२२ बाट मासिक ३ हजार भुक्तानी गर्ने निर्णय गरियो । |
| ६ | आयोजनाको वडा स्तरीय अनुगमन समिति पुनः गठन गर्ने सम्वन्धमा । | यस नगरपालिका तथा वडा स्तरबाट सञ्चालन हुने सम्पुर्ण योजनाहरुको अनुगमनका लागि वडा स्तरीय अनुगमन समिति रहने व्यवस्था रहेकोमा हाल सम्म वडा अध्यक्ष मात्र अनुगमनको जिम्मेवारी वहन गर्दै आउनु भएको हुदाँ जिम्मेवारी वाडफाँड गरि योजना कार्यान्वयनमा प्रभावकारिता अभिवृद्धि गर्न वडा अध्यक्षको संयोजकत्वमा वडा समितिबाट निर्णय भई तोकिएको वडा सदस्य र वडा सचिव पदेन सचिव रहने गरि वडा स्तरिय अनुगमन समिति पुनः गठन गर्ने निर्णय गरियो । |
| ७ | स्थानीय तह स्वास्थ्य बीमा संयोजन समिति सम्बन्धी कार्यविधि,२०८२ पारित गर्ने सम्वन्धमा । | स्वास्थ्य बीमा नियमावली, २०७५ को दफा २४ मा प्रत्येक स्थानीय तहमा स्वास्थ्य बीमा सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्न सहजीकरण गर्ने लगायतका कार्य गर्नको लागि स्थानीय सरकारले तोके बमोजिमको एक स्थानीय एक स्वास्थ्य बीमा संयोजक समिति रहनेछ भन्ने व्यवस्थालाई कार्यान्वयन ल्याउन पर्ने भएकोले स्वास्थ्य बीमा ऐन-२०७४ को दफा ४१ तथा स्थानीय सरकार सञ्चालन ऐन-२०७४ ले दिएको अधिकार बमोजिम बनेको कार्यविधि पारित गर्ने निर्णय गरियो । |
| ८ | प्रारम्भिक वातावरणीय परीक्षणको Terms of Reference स्वीकृत गर्ने सम्वन्धमा । | प्रस्तावमा छलफल गर्दा यस पालुङटार नगरपालिका अन्तर्गत भुसुन्डी खोला मस्याङ्दी नदी र चेपे खोलाको बगर क्षेत्रको तोकिएको स्थानबाट ढुङ्गा गिट्टी तथा वालुवाको संकलन/उत्खनन कार्यको प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूचीका लागि परामर्शदाता श्री एम आर एम कन्सल्टेन्ट प्रा.लि कोटेश्वर- |

शेर बहादुर वि.सी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

| | | |
|---|---|---|
| | | ३२ काडमाण्डौले पेश गरेको कार्यसूची स्वीकृत गर्ने निर्णय गरियो। |
| ९ | सडकको अधिकार क्षेत्र निर्धारण गर्ने सम्वन्धमा। | पालुङटार नगरपालिका वडा नं ६ र तनहुँ भानु नगरपालिका जोड्ने मस्याङ्दी नदीमाथी निर्माणधीन मोटरेबल पुलको पुल पहुँच मार्गको चौडाई ७.५ मिटर रहने गरि सडक सिमा कायम गर्ने निर्णय गरियो। |
| १० | विविध | १७ औ नगरसभाबाट विनियोजन भएको क्र.स ५१ खर्च शिर्षक २२५२२ को जात्रा मेला महोत्सव संरक्षण तथा प्रवर्धन शिर्षकमा विनियोजन भएको रकम मध्ये कला संस्कृतिको संरक्षण गर्ने कार्य श्री लङकालफ प्रगतिशिल युवा क्लबले नगर स्तरीय खुल्ला भलिवल प्रतियोगिता आयोजना गरे बापत १,००,०००।- अक्षरुपी (एक लाख मात्र) उपलब्ध गराउने। |

शेर वहादुर बि.सी
प्रमुख प्रशासकीय अधिकृत

जिरा थिटाय
नगर प्रमुख

Scanned with CamScanner